**निर्णय नं. १ :**

गत आर्थिक वर्ष २०८२/०८३ को वार्षिक प्रगति समीक्षा भदौ महिनाको ३ गते र अन्तिम चौमासिक अवधिको सार्वजनिक सुनुवाई कार्यक्रम २०८३ भदौ ५ गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :**

आर्थिक वर्ष २०८३/०८४ का लागि जिल्ला दररेट निर्धारण समितिले ज्याला दर तथा योजना कार्यान्यवमा आवश्यक मालसामानहरुको लागि निर्धारण गरेको दररेट अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :**

कार्यालयमा उपलब्ध ७ (सात) थान हाते ट्रयाक्टर तपसिलका कृषकहरुलाई पचास प्रतिशत लागत सहभागितामा उपलब्ध गराउने तथा यस अघि अग्रिम रुपमा पचास प्रतिशत लागत सहभागिताका लागि रकम जम्मा गरिसकेका तपसिल बमोजिमका कृषकहरुलाई सामाग्री खरिद गर्दाको बोलपत्रको स्पेसिफिकेशन बमोजिम सोही मुल्यमा निज बोलपत्रदाता बाट कोटेशनमा कम्बाइन मिल खरिद गरी उपलब्ध गराउने निर्णय गरियो ।

**हाते ट्रयाक्टरका लागि आवेदन प्राप्त भएका/ छनौट भएका कृषकको विवरण**

| क्र.सं. | नाम थर | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | रिता कार्की | शु.न.पा.७ | |
| २ | साना किसान कृषि सहकारी | शु.न.पा.८ | |
| ३ | मिन बहादुर थापा मगर | शु.न.पा.3३ | |
| ४ | महत भैंसी फर्म | शु.न.पा.११ | |
| ५ | कमला सिग्देल | शु.न.पा.१० | |
| ६ | नारायण खत्री | शु.न.पा.३ | |
| ७ | विष्णु कुमार श्रेष्ठ | शु.न.पा.३ | |

**लागत सहभागिताका रकम जम्मा गरेका कम्बाईन मिल उपलब्ध गराउने कृषकहरु :**

| क्र.सं. | नाम थर | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | हुमनाथ ढुंगाना | शु.न.पा.२ | |
| २ | सुनिल राज अधिकारी | शु.न.पा.५ | |
| ३ | टेक बहादुर महत | शु.न.पा.९ | |
| ४ | तारासिंह थापा | शु.न.पा.८ | |
| ५ | कविता पोखरेल | शु.न.पा.८ | |
| ६ | भेष बहादुर थापा | शु.न.पा.११ | |
| ७ | लोक बहादुर गुरुङ | शु.न.पा.१२ | |
| ८ | चेत नारायण पौडेल | शु.न.पा.१० | |
| ९ | राजेन्द्र प्रसाद पौडेल | शु.न.पा.२ | |

**निर्णय नं. ४ :**

प्राकृतिक निकासी शुल्क संकलनको लागि प्रथम पटक प्रकाशित बोलपत्रमा कुनै पनि बोलपत्र पेश नभएकोले पुन: बोलपत्र प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :**

नगरसभाले प्रत्यायोजन गरेको अधिकार बमोजिम शुक्लागण्डकी नगरपालिकाको प्रमाण कागजात पुर्याउने र असुल उपर गर्ने बेरुजु सम्बन्धी कारबाही अगाडि बढाउन तपसिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो।

**तपसिल:**

सुशासन समितिका संयोजक श्री राज कुमार वाग्ले – संयोजक

सामाजिक विकास समितिका संयोजक श्री रवि चन्द्र पौडेल –सदस्य

पूर्वाधार विकास समितिका संयोजक श्री खिम बहादुर कुमाल-सदस्य

वरिष्ठ लेखा अधिकृत श्री कोपिला पौडेल – सदस्य

आन्तरिक लेखा परीक्षण अधिकृत श्री अनिल खनाल- सदस्य सचिव

**निर्णय नं. ६ :**

शुक्लागण्डकी नगरपालिकाको टेम्पो, अटो रिक्सा तथा ई-रिक्सा संचालन तथा व्यवस्थापन कार्यविधि, २०८१ को दफा ७ बमोजिम रुट ईजाजत तथा भाडादर निर्धारण समितिको सिफारिसमा अनुमति प्रदान गरिएका तपसिलका १५(पन्ध्र) वटा अटो टेम्पो रिक्साको अनुमति अनुमोदन गर्ने र कागजात पुगेका ११(एघार) वटालाई गण्डकी प्रदेश सरकार भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयको च.नं.१२ मिति २०८३/०४/१३ को पत्रानुसार अनुमति दिने निर्णय गरियो।

गण्डकी प्रदेश सरकार

भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय

पोखरा, नेपाल

प.सं. :- ०८३/८४
च.नं. :- १२

मिति :- वि.सं. २०८३/०४/१३
ने.सं. :- ११४६ दिल्लाथ्व.१५ बुधबार

विषय: टेम्पो/अटोरिक्साको बाटो इजाजतपत्र(रुट पर्मिट) जारी गर्ने सम्बन्धमा।

श्री स्थानीय तह सबै, गण्डकी प्रदेश।

प्रस्तुत विषयमा यातायात व्यवस्थापन कार्यविधी निर्देशिका, २०६० (संशोधित) को परिच्छेद-३ ११.४ को २५ मा तिन पाङ्ग्रे अटोरिक्सा ट्राइसाइकलहरु राष्ट्रिय राजमार्ग र मूल सडकहरुमा सञ्चालन गर्न नपाउने गरी सम्बन्धित महानगरपालिका,उपमहानगरपालिका, नगरपालिका, गाउँपालिकाहरु सँग सिफारिस लिएर मात्र नगर/गाउँ क्षेत्रमा सञ्चालन गर्न पाउने गरी बाटो इजाजतपत्र जारी गर्नुपर्नेछ भन्ने व्यवस्था अनुसार हाल गण्डकी प्रदेश अन्तरगतका यातायात व्यवस्था कार्यालयहरुले स्थानीय तहको सिफारिसमा मार्ग इजाजत पत्र जारी गर्दै आएकोमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा (४) को खण्ड (ट) मा यातायात व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून,मापदण्ड, योजना, कार्यान्वयन र नियमन र स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण,अनुमति,नविकरण,खारेजी,सेवाको गुणस्तर, भाडा दर निर्धारण गर्ने व्यवस्था भएकोले तिन पाङ्ग्रे(अटोरिक्सा/टेम्पो) सवारी साधनको बाटो इजाजत पत्र (रुट पर्मिट) जारी गर्ने सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गर्ने व्यवस्थाका लागि गण्डकी प्रदेशका सबै स्थानीय तहहरुलाई पत्राचार गर्न भनि मिति २०८३/०४/१३ मा मा.मन्त्रिस्तरीय निर्णय भएकोले जानकारीका लागि पठाईएको व्यहोरा निर्णयानुसार अनुरोध छ।

(समिना पुन)
मेकानिकल इन्जिनियर

बोधार्थ:
यातायात व्यवस्था कार्यालय, सबै।

"व्यवसायिक र सिर्जनशील प्रशासन: विकास, समृद्धि र सुशासन"
फोन नं. ०६१ ४६५५३६, इमेल: mopid@gandaki.gov.np/mopid.pokhara@gmail.com

**क.अनुमोदन गरिएको अटो व्यवसायीहरुको नाम नामेसी विवरण :**

| क्र.सं. | नामथर | ठेगाना | सवारी नं. |
|---|---|---|---|
| १ | नानु माया श्रेष्ठ | शु.न.पा.४, तनहुँ | ग-प्र-०१-००१ह-००३४ |
| २ | डोल बहादुर थापा | शु.न.पा.८, तनहुँ | ग-प्र-०१-००१ह-०१६६ |
| ३ | शुसिल भट्टराई | शु.न.पा.८, तनहुँ | ग-प्र-०१-००१ह-००३१ |
| ४ | विस्सु बहादुर कुमाल | म्याग्दे गा.पा.७, तनहुँ | ग-प्र-०४-००१ह-०३९३ |
| ५ | पावेल श्रेष्ठ | म्याग्दे गा.पा.७, तनहुँ | ग-प्र-०३-००१ह-००६७ |
| ६ | किशोर नेपाली | म्याग्दे गा.पा.७, तनहुँ | ग-प्र-०४-००१ह-०१७५ |
| ७ | हरि प्रसाद पौडेल | शु.न.पा.८, तनहुँ | ग-प्र-०१-००१ह-००३८ |
| ८ | बिक्रम कुमाल | म्याग्दे गा.पा.७, तनहुँ | ग-प्र-०१-००१ह-००३३ |
| ९ | अमृत श्रेष्ठ | शु.न.पा.४,तनहुँ | ग-प्र-०१-००१ह-००३६ |
| १० | लोक बहादुर सुनार | शु.न.पा.१०, तनहुँ | ग-प्र-०१-००१ह-००३० |
| ११ | उत्तम राज मल्ल | शु.न.पा.१०, तनहुँ | ग-प्र-०३-००१ह-०१६५ |
| १२ | असोक थापा | शु.न.पा.८, तनहुँ | ग.प्र०१-००१ह-००३९ |
| १३ | डिल बहादुर दर्जी | शु.न.पा.४,तनहुँ | ग.प्र.०३-००१ह-०१७० |
| १४ | टेक बहादुर जुग्जाली | शु.न.पा.८,तनहुँ | ग.प्र.०३-००१ह-०१७१ |
| १५ | हरिचन्द्र महत | शु.न.पा.८,तनहुँ | |

**ख.अनुमति प्रदान गर्ने अटो व्यवसायीहरुको नाम नामेसी विवरण :**

| क्र.सं. | नामथर | ठेगाना | सवारी नं. |
|---|---|---|---|
| १ | सुमन गौतम | शुक्लागण्डकी न.पा.११,तनहुँ | ग-प्र-०१-००१ज-००३५ |
| २ | केशब बहादुर गुरुङ | शुक्लागण्डकी न.पा.१२,तनहुँ | ग-प्र-०१-००१ह-००४३ |
| ३ | प्रेम बहादुर नेपाली | शुक्लागण्डकी न.पा.८,तनहुँ | ग-प्र-०१-००१ह-००४६ |
| ४ | दिपक रिमाल | शुक्लागण्डकी न.पा.४,तनहुँ | |
| ५ | विशाल बास्तोला | शुक्लागण्डकी न.पा.२,तनहुँ | |
| ६ | प्रमिला कार्की (क्षेत्री) | शुक्लागण्डकी न.पा.४,तनहुँ | ग-प्र-०१-००१ह-००५८ |
| ७ | देव बहादुर कुमाल | शुक्लागण्डकी न.पा.८,तनहुँ | बा-०३-००१ह-३०२९ |
| ८ | मोहम्मद हसिद मिया | शुक्लागण्डकी न.पा.५,तनहुँ | |
| ९ | राजेश थापा | शुक्लागण्डकी न.पा.९,तनहुँ | ग-प्र-०१-००१ह-००५३ |

| | | | |
|---|---|---|---|
| १० | मोती लाल विश्वकर्मा | शुक्लागण्डकी न.पा.४,तनहुँ | ग-प्र-०१-००१ह-००६२ |
| ११ | प्रकाश बहादुर परियार | शुक्लागण्डकी न.पा.१२,तनहुँ | ग-प्र-०१-००१ह-००६० |

**निर्णय नं.७ :**

शुक्लागण्डकी नगरपालिकाको फोहोर व्यववस्थापनका लागि नियमानुसार प्रतिदिन रु.२०००।– (अक्षरुपी दुईहजार मात्र) बहाल कर सहित ट्रिपर भाडामा लिने साथै वीलबमोजिम मासिक रु.५०००।-(अक्षरुपी पांच हजार मात्र) मर्मत खर्च दिने निर्णय गरियो ।

**निर्णय नं.८ :**

शुक्लागण्डकी नगरपालिका वडा नं.१० को सांखेमा रहेको पुरानो स्वास्थ्य चौकीको भवनमा प्रहरी चौकी स्थापनाका लागि जिल्ला प्रशासन कार्यालय, दमौलीमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं.९ :**

शुक्लागण्डकी नगरपालिका वडा नं.५ वेलचौतारामा रहेको खैरेनीटार विद्युत उप वितरण केन्द्रलाई विद्युत वितरण केन्द्रको रुपमा विस्तार गरी संचालन गर्न उर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय र सम्बन्धित निकायमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत